नेपाल सरकार
गृह मन्त्रालय
# नेपाल प्रहरी प्रधान कार्यालय
## प्रहरी महानिरीक्षकको सचिवालय

फोन : ०१-४४१२४३२, ०१-४४१२७३७
Ext. : ०१-४४११२१०, १०२,११५,११६
फ्याक्स : ०१-४४१५५९३
पो.ब.नं. ४०७
नक्साल, काठमाडौं

पत्र संख्या: (०८०/०८१) च.नं.:-

प्रा.प.सं. :

मिति: २०८०।११।१४ गते
ने.सं.: ११४४ सिल्लाग, २ सोमवार

**विषय:** **प्रेस विज्ञप्ति।**

नेपाल प्रहरीको प्रचलित कानूनी श्रोतबाट प्राप्त कल्याण कोषमा रहेको रकमको परिचालन तथा लगानीको विषयलाई लिएर नेपाल पूर्व प्रहरी संगठनबाट प्रेषित विज्ञप्ति तथा केही अनलाइन खबरमा संप्रेषित समाचार उपर नेपाल प्रहरी प्रधान कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ।

नेपाल प्रहरीका बहालवाला/सेवा निवृत्त कर्मचारी एवम् तिनका आश्रित परिवारहरु र अमर/शहिद प्रहरी परिवारका सदस्यहरू लक्षित कार्यक्रम स्वास्थ्य, शिक्षा, सहुलियत (नगद/सामान) कर्जा, आर्थिक अनुदान, खेलकुद लगायत विविध सामाजिक कल्याणकारी क्षेत्रहरूमा समेत समयानुकूल सेवा प्रदान गर्ने र विभिन्न कार्यक्रमहरू समेतमा सहभागिता जनाउने उद्देश्यले २०३९ सालदेखि कोषको कार्य थालनी भई २०५२ सालमा संस्था दर्ता ऐन बमोजिम प्रहरी कल्याण कोषको दर्ता भई उल्लिखित उद्देश्य अनुरूप नै विभिन्न सामाजिक कल्याणकारी तथा सीपमूलक कार्यक्रम, गम्भीर प्रकृतिका रोगबाट ग्रसित कर्मचारीहरूको औषधोपचार अनुदान, किरियाकर्म खर्च, अमर प्रहरीका छोरीलाई विवाह अनुदान, कल्याण कोष ज्येष्ठ प्रहरी भत्ता, छात्रवृत्ति, आर्थिक सहयोग, राहत सामाग्री वितरण, सर्वसुलव र गुणस्तरीय शिक्षा प्रदानको लागि पुलिस स्कूल सञ्चालन आदि कार्यक्रमहरू अविछिन्न रूपमा सञ्चालन गर्दै आएको अवस्था छ। हाल सञ्चालनमा रहेका पेट्रोल पम्पबाट प्राप्त आम्दानी समेतबाट नयाँ पेट्रोल पम्प स्थापना तथा स्तरोन्नति गर्ने कार्य भैरहेको छ। कोषको आम्दानीबाट खर्च गर्दा खर्च हुने रकमको अधिकतम मात्रामा पूर्व प्रहरी कर्मचारी, तिनका आश्रित परिवार एवम् अमर/शहिद प्रहरीका परिवारको लागि विभिन्न कार्यक्रम मार्फत व्यय हुने गरेको र न्यून मात्रामा मात्र बहालवाला प्रहरी कर्मचारीको सामाजिक कल्याणकारी कार्यक्रममा व्यय हुने गरेको छ।

प्रहरी कर्मचारीहरूको मनोवल उच्च राख्न संयुक्त राष्ट्रसंघबाट अनुरोध भई आए बमोजिम विश्वका विभिन्न राष्ट्रहरूमा शान्ति स्थापनार्थ FPU मिशनको बन्दोबस्तीमा आर्थिक लगानी गर्दै आएकोमा प्रहरी नियमावली, २०७१ (संशोधन सहित) को नियम १९४ बमोजिम प्रहरी कल्याण कोषको स्थापना तथा संचालन सम्बन्धी व्यवस्था समावेश भएको छ र सोको सञ्चालन तथा व्यवस्थापनका लागि प्रहरी महानिरीक्षकको संरक्षकत्वमा नेपाल प्रहरी प्रधान कार्यालय, प्रशासन विभागका प्रहरी अतिरिक्त महानिरीक्षक अध्यक्ष, तालुक गृह तथा अर्थ मन्त्रालयका द्वितीय श्रेणीका अधिकृत प्रतिनिधि, बहालवाला तथा अवकाश प्राप्त प्रहरी अधिकृत तथा जवानहरू सदस्यहरू सम्मिलित कल्याण कोष सञ्चालक समिति रहने व्यवस्था भएको र आर्थिक तथा कानूनी सल्लाहकार आमन्त्रित सदस्यका रुपमा सहभागी गराउँदै आएको अवस्था छ।

क्रमशः.....

Website: https://www.nepalpolice.gov.np, E-mail: phqigs@nepalpolice.gov.np, phqigscpr@nepalpolice.gov.np

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल



कोषको सम्पूर्ण आर्थिक गतिविधिको प्रचलित कानून बमोजिम आन्तरिक लेखा परीक्षण तथा महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखा परीक्षण गराई बचत रकमबाट कल्याण कोष निरन्तर रूपमा वृद्धि हुँदै आइरहेको तथ्य कल्याण कोषको वार्षिक प्रतिवेदन तथा वित्तीय विवरण समेतबाट स्पष्ट हुन्छ । पूर्व प्रहरी कर्मचारीका आश्रित परिवार र अमर/शहिद प्रहरीका परिवारले नेपाल प्रहरी तथा कल्याण कोषबाट प्राप्त हुने सेवा सुविधा सहज रुपमा प्राप्त गर्न सकून् भन्ने उद्देश्य अनुरूप काठमाडौं उपत्यका, सबै प्रदेश प्रहरी कार्यालय तथा ७७ वटै जिल्ला प्रहरी कार्यालयहरूमा पूर्व प्रहरी समन्वय डेस्क स्थापना गरी समन्वय अधिकृत समेत तोकिएको साथै हालै उपत्यका प्रहरी कार्यालय, लुम्बिनी र कर्णाली प्रदेश प्रहरी कार्यालय मार्फत विभिन्न सीपमूलक कार्यक्रमहरू समेत सञ्चालन भइरहेको अवस्थामा संगठनको छविमा नकारात्मक सन्देश प्रवाह हुने गरी विषय संप्रेषण हुनु दुखद विषय हो ।

प्रहरी कल्याण कोषको बारेमा सार्वजनिक चासो, चिन्ता र सकारात्मक आलोचनाको उच्च मूल्याङ्कन गर्दै आगामी दिनमा समेत कल्याण कोषको रकम बहालवाला तथा पूर्व प्रहरी कर्मचारीहरू तथा आश्रित परिवारको हकहितमा प्रचलित ऐन, नियम तथा कार्यविधिमा व्यवस्था भए बमोजिम पारदर्शी ढंगले सञ्चालन गर्न नेपाल प्रहरी कल्याण कोष सदैव सचेत, सजग एवं सम्वेदनशील रहेको व्यहोरा सबैमा जानकारी गराइन्छ ।

**प्रहरी नायव महानिरीक्षक**
**(भिम प्रसाद ढकाल)**
**केन्द्रीय प्रहरी प्रवक्ता**